# ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड
## प्रधान कार्यालय, बुटवल
## आठौं वार्षिक साधारण सभाको निर्णय तथा कार्यवाही विवरण

१. **वैधानिक सभा:**

ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८०/०८/०४ गते बसेको सञ्चालक समितिको २२७ औं बैठकको निर्णयानुसार आह्वान गरिएको आठौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री शिवहरी दंगालको अध्यक्षतामा कम्पनी ऐन, २०६३ अनुसार मिति २०८० मंसिर ३० गते शनिवार विधिपूर्वक सम्पन्न भयो।

२. **सभाको मिति, समय र स्थान :**

मिति : २०८० मंसिर ३० गते शनिवार, (तदनुसार डिसेम्बर १६, २०२३)
समय : विहान ११:०० बजे।
स्थान : बुटवल उपमहानगर पालीका वडा नं. १०, कालिकानगर, रुपन्देही स्थित् होटल एशियनको सभाहल। साधारण सभा भौतिक तथा विद्युतीय भर्चुअल (Zoom) माध्यमबाट सञ्चालन भएको।

३. **सभाको सूचना प्रकाशन :**

३.१ मिति २०८०/०८/०४ गते बसेको सञ्चालक समितिको २२७ औं बैठकको निर्णयानुसारसंस्थाको आठौं वार्षिक साधारण सभा २०८० मंसिर ३० गते शनिवार बोलाउने निर्णयानुसार अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) तथा संस्थाको नियमावलीको नियम ४ बमोजिम साधारण सभा हुने मिति, समय, स्थान र सभामा छलफल हुने विषयवस्तुहरू सहितका विवरणहरु खुलाई मिति २०८०/०८/०६ गते अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा प्रथम पटक र मिति २०८०/०८/०७ गते आर्थिक अभियान दैनिकमा दोस्रो पटक प्रकाशन गरी सम्पूर्ण शेयरधनी महानुभावहरुलाई साधारण सभाबारे विस्तृत जानकारी गराइएको थियो। साथै उक्त सूचना संस्थाको वेबसाइटwww.gblbs.com.np मा समेत राखिएको थियो।

३.२ उल्लेखित साधारण सभाको सूचनाको साथै सञ्चालक समितिको प्रतिवेदन, आ.व.२०७८/७९ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह बिवरण तथा सो सम्बन्धी अनुसूची सहितको पुस्तिका शेयरधनी महानुभावहरुको जानकारीका लागि संस्थाको Website www.gblbs.com.np मा समेत राखिएको व्यहोरा सभामा जानकारी गराइयो।

४. **छलफलका विषयसूचीहरु**

(क) साधारण प्रस्ताव

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आर्थिक वर्ष २०७८/७९ को संस्थाको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७८/७९ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरू तथा सम्बन्धित अनुसूचीहरू छलफल गरी पारित गर्ने।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा ११३ अनुसार आर्थिक वर्ष २०७९/८० का लागी लेखापरीक्षण गर्न कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८०/०४/२८ गते लेखापरीक्षक श्री एन.बि.एस.एम एण्ड एसोसिएटस, नारायणचौर ,नक्साल, काठमाण्डौ नियुक्त हुनु भएको हुँदा सो प्रस्ताव अनुमोदन गर्ने।

(ख) विशेष प्रस्ताव :

१. संस्थाको प्रवन्धपत्र तथा नियमावलीमाआवश्यक संशोधन प्रस्ताव पारित गर्ने सम्वन्धमा।

२. ग्रामीण विकास लघुवित्त वित्तीय संस्था र अन्य कुनै लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने (Merger) तथा प्राप्ति (Acquisition) गर्ने प्रयोजनका लागि मर्जर समिति गठन गर्ने, उपयुक्त लघुवित्त वित्तीय संस्थाको पहिचान गर्ने, समझदारी पत्र (Memorandum of Understanding) मा

हस्ताक्षर गर्ने र सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति तथा दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने एवम् अन्य वित्तीय संस्थाहरुको शाखाहरु खरिद तथा प्राप्ति गर्ने, अन्य वित्तीय संस्थालाई शाखा बिक्री गर्ने लगायतका कार्यहरूसंग सम्बन्धित आवश्यक सम्पूर्ण कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

३.नेपाल राष्ट्र बैंक तथा अन्य नियमनकारी निकायको निर्देशन लगायत अन्य कारणले संस्थाको प्रबन्ध पत्र तथा नियमावलीमा समसामयिक विषयमा संशोधन गर्न, परिमार्जन थपघट वा परिवर्तन गर्नुपर्ने अवस्था भएमा सो सम्बन्धी सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

(ग विविध:

५.कार्यक्रम संचालन :

सभाको कार्यक्रम संचालन कम्पनी सचिव श्री श्याम कुमार कटुवालले गर्नुभयो ।

६.आसन ग्रहण :

आठौं वार्षिक साधारण सभामा भौतिक रुपमा उपस्थित रहनु भएका संस्थाका संचालक समितिका अध्यक्ष एवम् संचालकहरुलाइ आसन ग्रहण गराइयो ।

७. सभाको अध्यक्षता :

कम्पनी ऐन, २०६३ को दफा ७४(१) तथा यस कम्पनीको नियमावलीको नियम ६(१) बमोजिम आठौं वार्षिक साधारण सभाको अध्यक्ष संस्थाको सञ्चालक समितिका अध्यक्ष श्री शिवहरी दंगालले गर्नु भई सभाको काम कारवाही अगाडि बढाउन कम्पनी सचिव श्री श्याम कुमार कटुवाललाई अनुमति प्रदान गर्नुभयो ।

८.गणपुरक संख्या :

कम्पनी ऐन, २०६३ को दफा ७३ (२) तथा यस कम्पनीको नियमावलीको नियम ५(१) बमोजिम साधारणसभा सञ्चालनका लागि कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरधनीहरुको उपस्थिति हुनु पर्नेमा यस सभामा कुल शेयर संख्याको ५१.७० प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी ५७ जना शेयरधनी तथा शेयरधनी संस्थाका प्रतिनिधिहरुको सहभागी उपस्थित रहेको हुनाले सभामा गणपुरक संख्या पुगेकोले सभाले वैधानिकता प्राप्त गरेको व्यहोरा कम्पनी सचिवले सभा समक्ष जानकारी गराउनु भयो ।

९. सभाको शुभारम्भ:

भौतिक तथा विद्युतीय भर्चुअल (Zoom) माध्यमबाट सञ्चालन भएको आठौं वार्षिक साधारण सभामा सञ्चालक समितिका अध्यक्ष श्री शिवहरी दंगालले पानसमा दीप प्रज्वलन गरी सभाको शुभारम्भ गर्नुभयो ।

१०.स्वागत मन्तव्य:

भौतिक तथा विद्युतीय भर्चुअल (Zoom) माध्यमबाट सञ्चालन भएको आठौं वार्षिक साधारण सभामा सहभागी शेयरधनी लगायत सम्पूर्ण महानुभावहरुलाइ प्रमुख कार्यकारी अधिकृत श्री श्याम कुमार कटुवालले स्वागत गर्नुभयो ।

११.उपस्थिति :

११.१ सञ्चालकहरु (कम्पनी ऐन, २०६३ को दफा ६८ अनुसार) :

| | | | |
|---|---|---|---|
| १ | श्री शिवहरी दंगाल | अध्यक्ष | भौतिक रुपमा उपस्थित |
| २ | श्री शंकरराज पाठक | सञ्चालक | Zoom मा उपस्थित |
| ३ | श्री सुशिल कुमार नेपाल | सञ्चालक | भौतिक रुपमा उपस्थित |
| ४ | श्री मनोज कुमार खड्का | सञ्चालक | भौतिक रुपमा उपस्थित |
| ५ | श्री भरतराज कोइराला | सञ्चालक | भौतिक रुपमा उपस्थित |

११.२ संस्थाका पदाधिकारीको उपस्थिति :

श्री श्याम कुमार कट्टुवाल प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव तथा अन्य कर्मचारीहरु

११.३ भौतिक तथा विद्युतीय/भर्चुअल (Zoom) माध्यमबाट साधारण सभामा देहायका संस्थागत शेयरधनी प्रतिनिधिहरुको उपस्थिति रह्यो ।

| क.सं. | नाम | संस्थापक/सर्वसाधारण | प्रतिनिधित्व | कैफियत |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार उप्रेती | संस्थापक | नेपाल सरकार, अर्थ मन्त्रालय, काठमाण्डौ । | ZOOM बाट सहभागी |
| २ | श्री सुशील कुमार नेपाल | संस्थापक | नेपाल बैंक लिमिटेड | भौतिक उपस्थित |
| ३ | श्री दधिराम आचार्य | संस्थापक | राष्ट्रिय वाणिज्य बैंक लि. | भौतिक उपस्थित |
| ४ | श्री अनुसुया बस्नेत | संस्थापक | हिमालयन बैंक लिमिटेड | भौतिक उपस्थित |
| ५ | श्री विनिसा श्रेष्ठ | संस्थापक | नविल बैंक लिमिटेड | ZOOM बाट सहभागी |
| ६ | श्री नविन कुमार घिमिरे | संस्थापक | नेपाल इनभेष्टमेण्ट मेघा बैंक लि. | भौतिक उपस्थित |
| ७ | श्री बसन्त गुरागाई | संस्थापक | नेपाल एस.वि.आई बैंक लि. | ZOOM बाट सहभागी |
| ८ | श्री नारायण अर्याल | संस्थापक | कृषि विकास बैंक लि. | भौतिक उपस्थित |
| ९ | श्री रन्जन टचमो | संस्थापक | कुमारी बैंक लिमिटेड | ZOOM बाट सहभागी |
| १० | सिए. दुर्गा प्रसाद ज्ञवाली | वाह्य लेखापरीक्षक | एन.बि.एस.एमएण्ड एसोसिएट्स, नारायणचौर नक्साल, काठमाण्डौ | ZOOM बाट सहभागी |
| ११ | श्री बसन्ता उपाध्याय | शेयर रजिष्ट्रार | शेयररजिष्ट्रार प्रभु क्यापिटल लि., | भौतिक उपस्थित |

१२. शेयरधनीहरुको उपस्थिति :

संस्थाको साधारण सभामा उपस्थित हुन पाउने कुल शेयरधनी संख्या १०२३६८जना रहेकोमा सभामा निम्न बमोजिम उपस्थिति रह्यो ।

(क) संस्थापक समूह (क) शेयरधनीको तर्फबाट विद्युतीय/भर्चुअल/(Zoom) माध्यमबाट उपस्थित ४ जना ३,३२३,८२१ शेयर कित्ता र स्वयम् उपस्थित २५ जनाको १५३२४९६ शेयर कित्ता गरी जम्मा उपस्थित शेयरधनीको संख्या २९ जना र जम्मा शेयर कित्ता ४,८५६,३१७ रहेको ।

(ख)सर्वसाधारण समूह (ख) शेयरधनीको तर्फबाट उपस्थित २८ जनाको २२२,७५१ शेयर कित्ता रहेको ।

| बिक्री भएको कुल शेयर संख्या (कित्ता) | शेयर संख्या (संस्थापक समूह (क) | शेयर संख्या (सर्वसाधारण समूह (ख) | उपस्थित शेयर संख्या (क) | उपस्थित शेयर संख्या (ख) | जम्मा उपस्थिति (क) र ख) | उपस्थित शेयर संख्याको प्रतिशत |
|---|---|---|---|---|---|---|
| ९८,२५,००० | ६८,६८,४६१ | २९,५६,५३९ | जम्मा २९ जना शेयरधनी/प्रतिनिधि शेयर कित्ता ४,८५६,३१७ | जम्मा २८ जना शेयरधनी प्रतिनिधि शेयर कित्ता २२२,७५१ | कुल जम्मा ५७ जना | ५१.७० प्रतिशत |

१३.वार्षिक प्रतिवेदन प्रस्तुती :

आठौं वार्षिक साधारण सभाका सभापति तथा सञ्चालक समितिका अध्यक्ष श्री शिवहरी दगालले आ.व. २०७८/७९ को लेखापरीक्षण भएको वित्तीय विवरण सहितको वार्षिक प्रतिवेदन वाचन गर्नुभयो । सो अवसरमा उहाँले संस्थाका निवर्तमान अध्यक्ष तथा सञ्चालकहरुले यस संस्थाको उन्नति र प्रगतिको लागि पुऱ्याउनु भएको योगदानको उच्च मूल्याङ्न गर्दै उहाँहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो । यसैगरी उपस्थित शेयरधनीहरु र संस्थाको काम कार्वाहिमा प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सहयोग गर्ने नेपाल सरकार, नियमनकारी निकायहरु, बैंक तथा वित्तीय संस्थाहरु र अन्य सेवा संस्थाहरु लगायत सबै सुवेच्छुक एवम् कर्मचारीहरु प्रति आभार समेत प्रकट गर्नुभयो ।

१४. छलफलमा सहभागी शेयरधनीहरुबाट उठाइएका जिज्ञासाहरु :

संचालक समितिका अध्यक्षले समितिको प्रतिवेदन प्रस्तुत गरेपश्चात संस्थाको आ.व. २०७८/७९ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र अनुसूचीहरु उपर आफनो जिज्ञासा, सुझाव र सल्लाहका लागि छलफलमा सहभागी हुन शेयरधनी महानुभावहरुलाई अध्यक्ष अनुरोध गर्नु भए बमोजिम एक जना सर्वसाधारण शेयरधनीले विद्युतीय मर्चुअल (Zoom) माध्यमबाट छलफलमा सहभागी हुनु भई निम्नानुसारको टिप्पणी, जिज्ञासा र सुझावहरु प्रस्तुत गर्नुभयो ।

१४.(१) श्री चन्द्र नारायण श्रेष्ठ (सर्वसाधारण शेयरधनी)

- संस्थाको साधारण सभा मिति २०८० मंसिर ३० गते शनिबार बिहान ११:०० बजे बोलाइएकोमा तोकिएको समय भन्दा आधा घण्टा ढिलो सभा सञ्चालन भएको र अध्यक्षज्यूले प्रतिवेदन बाचन गर्दा बढी समय लागेको हुँदा आगामी साधारण सभामा कम समयमा प्रतिवेदन बाचन गर्न र तोकिएको समयमा सभा सञ्चालन गर्नुपर्ने ।
- संस्था मर्जरपश्चात आठ, नौ बर्षसम्म लाभांश प्रदान गर्न नसक्दा शेयरधनीहरुमा निरासा देखिएको हुँदा आगामी आर्थिक वर्ष देखि शेयरधनीहरुलाई उचित प्रतिफल वितरण गर्न सञ्चालक समिति र व्यवस्थापनले मितव्ययी तरिकाले काम गर्नुपर्ने ।
- आर्थिक बर्ष २०७८/७९ को वार्षिक प्रतिवेदनमा आ.व. २०७९/८० वितिसक्दा समेत पछिल्लो आ.व.को वित्तीय विवरणको जानकारी किन राखिएन ?
- सञ्चालक समितिले बैठक भत्ता लिने गरेको तर भुकम्प पिडितहरुका लागि सामाजिक उत्तरदायित्व अन्तर्गत कुनै रकम प्रदान गरेको नदेखिएको ।
- संस्थाको शाखाहरु बागमती प्रदेशमा कहाँ कहाँ रहेकोछ ?सो को जानकारी आफूले पाउन नसकेको ।
- लेखापरीक्षकको प्रतिवेदन र वित्तीय विवरणहरु नेपाल लेखामान (NFRS) अनुसार तयार भएको तर लेखापरीक्षकले आफैले बनाएको रिपोर्ट साधारण सभामा आफै किन पढेको हो ?लेखापरीक्षको प्रतिवेदनमा Loan and advance को प्रगति किन राखिएन ? Retain earnings किन राखिएन ?
- capital adequacy tightअस्थामा (८ प्रतिशतमा) रहेको छ । यसलाई सुधार गर्ने योजना के रहेको छ ?
- समस्याग्रस्त वित्तीय संस्थामा राखेको रकम कहिले फिर्ता हुन्छ ?

शेयरधनीहरुको जिज्ञासाको जवाफ :

१५. सभाका अध्यक्ष श्री शिवहरी दंगालले शेयरधनी महानुभावहरुबाट आएका जिज्ञासा एवम् महत्वपूर्ण सुझावहरु उपरको जवाफ दिने क्रममा देहाय बमोजिमका प्रमुख बुँदाहरु उल्लेख गर्नुभयो ।

- साधारण सभामा सहभागी हुन आउनु भएका शेयरधनी महानुभावहरुको उपस्थिति र हाजिरी भैरहेका कारण सभा सञ्चालन गर्न केही समय ढिला भएको र कम्पनी ऐन, २०६३ अनुसार तयार अध्यक्षद्वारा प्रस्तुत वार्षिक प्रतिवेदनमा उल्लेखित विषयहरु बाचन गर्दा समय लाग्ने हुँदा यसलाई एउटा प्रकृयाको रुपमा लिनु पर्ने बताउनु भयो ।
- शेयरधनीहरुले लगानीको उचित प्रतिफल प्राप्त गर्नु पर्दछ भन्ने विषयमा सञ्चालक समिति सदैव सकारात्मक रहेको छ । तथापि वर्तमान समयमा संस्थाले वहन गर्नु परेका आन्तरिक र वाह्य चुनौतीहरुका कारण संस्थाले उल्लेख्य मुनाफा हासिल गर्न सकेको छैन । आगामी दिनमा शेयरधनीहरुलाई लगानीको उचित प्रतिफल दिन सञ्चालक समिति र व्यवस्थापनले मितव्ययी ढंगले कार्य गर्दै आइरहेको बताउनु भयो ।

- हाल यस संस्थामा १८९ वटा शाखा कार्यालय, ८ वटा प्रदेश कार्यालय र १ प्रधान कार्यालय गरी जम्मा १९८ वटा कार्यालय रहेको र सो को विवरण सबैको जानकारीको लागि यस संस्थाको वेभसाइटमा राखिएको बताउनु भयो।
- शेयरधनी महानुभावहरुबाट व्यक्त जिज्ञासा र सुझावहरुलाई सम्पत्तिको रुपमा ग्रहण गर्दै लेखापरीक्षकको प्रतिवेदन र वित्तीय विवरणहरु नेपाल लेखामान (NFRS) अनुसार तयार भएको हुँदा प्रतिवेदनले संस्थाको यथार्थ अवस्था दर्शाएको विचार समेत व्यक्त गर्नुभयो।

**१६ छलफलको समाप्ति :**

शेयरधनी महानुभावहरुले राख्नु भएको जिज्ञासा एवम् प्रश्नहरुको सम्बन्धमा अध्यक्ष श्री शिवहरी दंगालले जवाफ दिएपश्चात शेयरधनीहरुबाट थप जिज्ञासा नआएकोले अध्यक्षले छलफलको क्रम समाप्त भएको जानकारी सभामा गराउनु भयो।

**१७. पारित प्रस्तावहरु :**

साधारण सभामा पेश भएका पूर्व निर्धारित प्रस्तावहरु पारित गर्न अध्यक्षले क्रमश: प्रस्तावहरु शेयरधनीहरु समक्ष प्रस्तुत गर्दा देहाय बमोजिम प्रस्तावहरु सर्वसम्मतिले पारित भयो।

**छलफलका विषयसूचीहरु:**

**(क) साधारण प्रस्ताव:**

१.सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आर्थिक वर्ष २०७८/७९ को संस्थाको वार्षिक प्रतिवेदन सर्वसम्मतिबाट पारित भयो।

२.लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७८/७९ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरू तथा सम्बन्धित अनुसूचीहरू छलफल गरी पारित गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७९/८० का लागी लेखापरीक्षण गर्न कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८०/०४/२८ गते लेखापरीक्षक श्री एन.बि.एस.एम एण्ड एसोसिएट्स, नारायणचौर नक्साल, काठमाण्डौ नियुक्त हुनु भएको हुँदा सो प्रस्ताव अनुमोदनका लागि पेश भएकोमा सर्वसम्मतिबाट पारित भयो।

**(ख) विशेष प्रस्ताव :**

१. संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो।

२. ग्रामीण विकास लघुवित्त वित्तीय संस्था र अन्य कुनै लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति (Acquisition) गर्ने प्रयोजनका लागि मर्जर समिति गठन गर्ने, उपयुक्त लघुवित्त वित्तीय संस्थाको पहिचान गर्ने, सहमति पत्र(Memorandum of Understanding) मा हस्ताक्षर गर्ने र सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति तथा दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने एवम् अन्य वित्तीय संस्थाहरुको शाखाहरु खरिद तथा प्राप्ति गर्ने, अन्य वित्तीय संस्थालाई शाखा बिक्री गर्ने लगायतका कार्यहरूसंग सम्बन्धित आवश्यक सम्पूर्ण कार्यहरू गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो।

३. नेपाल राष्ट्र बैंक तथा अन्य नियमनकारी निकायको निर्देशन लगायत अन्य कारणले संस्थाको प्रबन्ध पत्र तथा नियमावलीमा समसामयिक विषयमा संशोधन गर्ने, परिमार्जन थपघट वा परिवर्तन गर्नुपर्ने अवस्था भएमा सो सम्बन्धी सम्पूर्ण कार्यगर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो।

**(ग) विविध:** कुनै प्रस्ताव नरहेको।

**१८.धन्यवाद ज्ञापन सहित सभाको समापन :**

संस्थाको सञ्चालक समितिका अध्यक्ष श्री शिवहरी दंगालले आठौं वार्षिक साधारण सभामा संस्थाको प्रगति र सफलताका लागि प्रत्यक्ष र परोक्ष रुपमा सहयोग, सल्लाह, सुझाव दिई आ-आफ्नो क्षेत्रबाट पुऱ्याउनु भएको योगदानका लागि सम्पूर्ण शेयरधनी महानुभावहरु, नेपाल सरकार, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., विभिन्न बैंक तथा वित्तीय संस्थाहरु, सिडिएस एण्ड क्लियरिङ लि., लेखापरीक्षक, ग्राहक वर्ग, सञ्चालक समितिका सदस्यहरु, व्यवस्थापन लगायत कर्मचारी परिवार, पत्रकार तथा सम्पूर्ण शुभचिन्तकहरु प्रति आभार प्रकट गर्दै धन्यवाद ज्ञापन गर्नुभयो ।

अन्त्यमा,

पूर्व निर्धारित बिषयसूचीहरु उपरको छलफलको क्रम समाप्त भएकोले सभाका अध्यक्ष श्री शिवहरी दंगालले सभामा प्राप्त सुझावहरूलाई सम्पत्तिको रुपमा ग्रहण गरी संस्थाले समस्त ग्राहक, कर्मचारी र शेयरधनीहरुको अधिकतम हितलाई ध्यानमा राखेर अघि बढ्ने बचनबद्धता व्यक्त गर्दै भौतिक तथा विद्युतीय भर्चुअल (Zoom) माध्यमबाट सञ्चालित आठौं वार्षिक साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।

श्याम कुमार कटुवाल
(कम्पनी सचिव)

शिवहरी दंगाल
(अध्यक्ष)